# भुमिकास्थान नगरपालिका

# “आर्थिक ऐन, २०७५”

भुमिकास्थान नगरपालिका

नुवाकोट, अर्घाखांची

## भुमिकास्थान नगरपालिकाको आर्थिक ऐन २०७५

सभावाट स्विकृत मिति : २०७५।०३।१३

**प्रस्तावनाः** भुमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम भुमिकास्थान नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि भुमिकास्थान नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

रेशम थापा
प्रमुख

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

रेशम थापा
प्रमुख

अनुसुचि १

(दफा २ संग सम्बन्धित)

सम्पत्ति कर

| सि.नं. | विवरण | दर (रकम रु.) |
|---|---|---|
| घर कर | | |
| १ | कच्ची | १०० |
| २ | पक्की | २०० |
| ३ | फुस/झुपडी | ५० |

अनुमानित वार्षिक आय रु.१०,००,०००.००

माथि जे सुकै उल्लेख भएको भएता पनि एकिकृत सम्पत्ति कर लागु हुदा सोहि अनुसार हुनेछ ।

एकिकृत सम्पत्ती कर लागु गर्ने सम्वन्धमा यस आर्थिक बर्ष २०७४।०७५ मा नगर कार्यपालिकालाई अध्ययन गर्ने अधिकार प्रदान गरिएको छ ।

अनुसुचि २

(दफा ३ संग सम्बन्धित)

भुमि कर (मालपोत)

| सि.नं. | विवरण | दर (रकम रु.) |
|---|---|---|
| **मालपोत कर :** | | |
| १ | प्रति रोपनी | ७ |
| **जरिवाना :** एक आ.व. भित्र नतिरेमा २० प्रतिशत र त्यस पछि प्रत्येक बर्ष १० प्रतिशतका दरले बृद्धि हुनेछ । | | |

अनुमानित वार्षिक आय रु.१५,००,०००.००

माथि जे सुकै उल्लेख भएको भएता पनि एकिकृत सम्पत्ति कर लागु हुदा सोहि अनुसार हुनेछ ।

रेशम थापा
प्रमुख

## अनुसुचि ३

(दफा ४ संग सम्बन्धित)

### घर वहाल कर

| सि.नं. | विवरण | दर (प्रतिशत) |
|---|---|---|
| १ | वहाल कर | १० प्रतिशत |

## अनुसुचि ४

(दफा ५ संग सम्बन्धित)

### व्यवसाय कर

| सि.नं. | विवरण | दर (प्रतिशत) |
|---|---|---|
| व्यापार कर (वार्षिक) : | | |
| १ | कपडा पसल | १,००० |
| २ | फेन्सी पसल | १,००० |
| ३ | किराना पसल (ठुलो) | १,००० |
| ४ | किराना पसल (टंकी) | १०० |
| ५ | कपडा, फेन्सी र किराना (संयुक्त) पसल | २,००० |
| ६ | औषधी पसल | १,००० |
| ७ | पोलिक्लिनिक | २,००० |
| ८ | आफ्नो कपडा पसल सहितको टेलरिङ्ग शप | ७५० |
| ९ | सामान्य टेलरिङ्ग शप | ५०० |
| १० | व्युटी पार्लर | ५०० |
| ११ | हेयर कटिङ्ग सैलुन | ५०० |
| १२ | सुनचाँदी पसल | १,००० |
| १३ | भाँडा पसल | १,००० |

| | | |
|---|---|---|
| १४ | भाँडा पसल अन्य सामान समेत | १,५०० |
| १५ | दैनिक उपभोग्य वस्तुको थोक विक्रेता | १,५०० |
| १६ | घडी, रेडियो, मोवाईल तथा इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सामानहरु मर्मत | ८०० |
| १७ | फलफुल तरकारी पसल | २०० |
| १८ | फोटो ग्राफर | ५०० |
| १९ | कलर ल्याव | ७५० |
| २० | स्टेशनरी पुस्तक पसल | ५०० |
| २१ | डाक्टर, वकिल, लेखा परीक्षक, परामर्शदाता, सर्वेयर, ईन्जिनियरिङ्ग व्यवसायमा | १,५०० |
| २२ | प्लास्टिकका फर्निचर, कार्पेट तथा अन्य सजावटका सामानहरु | ५०० |
| २३ | माछामासु पसल (फ्रेस हाउस) | ३०० |
| २४ | मिठाई पसल | ३०० |
| २५ | फोटोकपी, कम्प्युटर,फ्याक्स, टेलिफोन सेवा, साईवर सेवा | ५०० |
| २६ | पेन्टिङ्ग व्यवसाय | ५०० |
| २७ | मोटर वा विभिन्न मेसिनरी पार्ट पुर्जा आदि विक्रेता | ५०० |
| २८ | सवारी साधन तथा जेनेरेटर साथै अन्य मेसिनरी तयारी सामान विक्री | ५०० |
| २९ | हेभि इक्युपमेन्ट,बस,ट्रक, कार, जिप, भ्यान आदि मर्मत र वर्कसप | १,५०० |
| ३० | मोटर साइकल र साईकल मर्मत | ५०० |
| ३१ | कम्प्युटर तथा भाषा प्रशिक्षण संस्थाहरु | १,००० |
| ३२ | इलेक्ट्रोनिक तथा इलेक्ट्रिक सबै किसिमका सामानको विक्रि व्यवसाय | १,००० |
| ३३ | निर्माण सामाग्रि पसल हार्डवेयर | १,५०० |
| ३४ | गिट्टी, बालुवा, ढुङ्गा आदि विक्री व्यवसाय | १,००० |
| ३५ | चस्मा पसल तथा मर्मत | ५०० |
| ३६ | कम्प्युटर, फ्याक्स, फोटोकपी र सोको पार्टपुर्जा विक्री तथा सप्लायर्स | १,५०० |
| ३७ | तयारी सिरक, डसना, तकिया, कार्पेट, कुर्सी आदिको बिक्रेता | १,००० |
| ३८ | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "क" वर्ग | ५,००० |
| ३९ | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "ख" वर्ग | ४,००० |
| ४० | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "ग" वर्ग | ३,००० |

| | | |
|---|---|---|
| ४१ | ठेक्कापट्टा व्यवसाय/ निर्माण व्यवसायी "घ" वर्ग | २,००० |
| ४२ | श्रृङ्गार एवं उपहारका सामानहरु विक्री | ५०० |
| ४३ | पशु औषधी, विउ विजन, मल तथा कृषि औजार विक्रेता | ५०० |
| ४४ | मदिरा एवं पेय पदार्थ विक्री | १,००० |
| ४५ | रमाईलो मेला सांस्कृतिक कार्यक्रम सहित औधोगिक व्यपार मेला (प्रतिदिन) | ५०० |
| ४६ | ड्राईभिङ्ग इन्स्टिच्युट | ५०० |
| ४७ | केवल टि.भी. व्यवसाय | ३,००० |
| ४८ | कन्सल्टेन्सी व्यवसाय | २,००० |
| ४९ | प्राइभेट ब्रोडिङ स्कुल (निजी विद्यालय) | १,००० |
| ५० | प्राइभेट क्याम्पस (१०+२) | १,५०० |
| ५१ | फ्रेम, सिशा, फोटो, पोस्टर, पोष्टकार्ड विक्रेता | ३०० |
| ५२ | पेट्रोल पम्प | २,५०० |
| ५३ | होटल तथा रेष्टुरेन्ट | १,००० |
| ५४ | होटल (खाजा नास्ता) | ५०० |
| ५५ | एफ. एम. रेडियो तथा विज्ञापन सेवा | ५०० |
| ५६ | सबै प्रकारका संयुक्त पसल | १,५०० |
| ५७ | अन्य (माथि उल्लेखित बाहेक) | ५०० |
| ५८ | **उद्योग व्यवसाय कर (वार्षिक) :** | |
| | छापाखाना | १,००० |
| | मसला उद्योग | ५०० |
| | मैनबत्ति र चक उद्योग | २०० |
| | धान, तोरी, पिठो, चिउरा आदि मिल (तोरी समेत) | १,००० |
| | धान, पिठो, चिउरा आदि मिल (तोरी बाहेक) | ५०० |
| | जुत्ता उद्योग | ५०० |
| | स्टिल फर्निचर तथा ग्रिल उद्योग | १,५०० |
| | फर्निचर तथा काष्ठ उद्योग | १,५०० |
| | पोल्ट्री फर्म (१०० वटा सम्म उत्पादन गर्ने) | २०० |
| | पोल्ट्री फर्म (१०० वटा भन्दा धेरै उत्पादन गर्ने) | ५०० |
| | राईस मिल | १,००० |

थम थापा
प्रमुख

| | | |
|---|---|---|
| | अन्य (माथि उल्लेखित बाहेक) | ५०० |
| ५९ | **डिलरसिप एजेन्सी व्यवसाय कर (वार्षिक) :** | |
| | ब्याट्रि, साबुन, विस्कुट र अन्य किराना सामान समेत | १,००० |
| | मट्टितेल, डिजल, पेट्रोल आदि | १,००० |
| | सिमेन्ट, चुरोट, चिनी र साल्ट ट्रेडिङको | १,००० |
| | वियर तथा अन्य सिलबन्दि मदिरा | १,५०० |
| | सफ्ट ड्रिंक, कोक, फेन्टा, पेप्सी आदिको डिलरसिप | १,००० |
| | L.P. ग्याँस डिपो | १,००० |
| | टि.भि., डेक, रेफ्रिजेरेटर | १,००० |
| | अन्य (माथि उल्लेखित बाहेक) | ५०० |

अनुमानित वार्षिक आय रु.२,००,०००.००

अनुसुचि ५

(दफा ६ संग सम्बन्धित)

जडिवुटी, कवाडी र जीवजन्तु कर

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको कर लगाउनका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।

अनुसुचि ६

(दफा ७ संग सम्बन्धित)

सवारी साधन कर

| सि.नं. | विवरण | दर (रकम रु.) |
|---|---|---|
| ६० | **सवारी साधनको बार्षिक सवारी कर** | |
| | हेभि इक्यिुपमेन्ट | ५,००० |
| | निजी तथा भाडामा संचालन हुने बस | २,००० |
| | भाडामा संचालन हुने ट्रक र ट्रिपर | २,००० |

| | | |
|---|---|---|
| | भाडामा संचालन हुने ट्याक्टर | १,००० |
| | भाडामा संचालन हुने मिनी बस | १,००० |
| | भाडामा संचालन हुने कार, जिप, भ्यान र ट्याक्सी | १,००० |
| | निजी कार | ५०० |
| | निजी स्कुटर र मोटरसाइकल | १०० |
| | अन्य (माथि उल्लेखित बाहेक) | ५०० |

अनुसुचि ७

(दफा ८ संग सम्बन्धित)

विज्ञापन कर

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको कर लगाउनका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।

अनुसुचि ८

(दफा ९ संग सम्बन्धित)

मनोरञ्जन कर

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको कर लगाउनका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।

प्रमुख

अनुसुचि ९

(दफा १० संग सम्बन्धित)

बहाल बिरौटी शुल्क

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको शुल्क उठाउनका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।

अनुसुचि १०

(दफा ११ संग सम्बन्धित)

पार्किङ शुल्क

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको शुल्क उठाउनका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।

अनुसुचि ११

(दफा १२ संग सम्बन्धित)

ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको शुल्क उठाउनका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।

रेशम थापा
प्रमुख

अनुसुचि १२

(दफा १३ संग सम्बन्धित)

सेवा शुल्क, दस्तुर

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| | | |
| १ | नाता प्रमाणित | ४०० |
| २ | जन्म मिति प्रमाणित | २०० |
| ३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १०० |
| ४ | आर्थिक अवस्था सम्पन्नता प्रमाणित | ५०० |
| ५ | नागरिकता सिफारिस | १०० |
| ६ | नागरिकताको प्रतिलिपि सिफारिस | २०० |
| ७ | निशूल्क स्वास्थ्य उपचारको सिफारिस | १०० |
| ८ | फरक फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | ५०० |
| ९ | नाम, थर र जन्म मिति संशोधन तथा नाम छुट र दुई नामको सिफारिस | ५०० |
| १० | नामसारी गर्न सिफारिस | ५०० |
| ११ | जग्गाको हक सम्वन्धमा सिफारिस | ५०० |
| १२ | जिवित रहेको सिफारिस | ५०० |
| १३ | पालनपोषणको लागि सिफारिस | ५०० |
| १४ | बैवाहिक अंगिकृत नागरिकता सिफारिस | २,००० |
| १५ | धारा जडानको लागि सिफारिस | ३०० |
| १६ | विद्युत जडानको लागि सिफारिस | ३०० |
| १७ | नावालक सिफारिस | ५०० |
| १८ | व्यक्तिगत घटना दर्ता : | |
| | जन्म दर्ता, मृत्यु दर्ता | ५०० |
| | विवाह दर्ता | १,००० |
| | सम्बन्ध विच्छेद | ५०० |
| | बसाईसराई | १,५०० |
| १९ | विभिन्न दलित, जनजाति तथा थर प्रमाणित | ५०० |
| २० | पारिवारिक विवरण सिफारिस | ५०० |
| २१ | चारकिल्ला प्रमाणित | ५०० |
| २२ | मुचुल्का प्रमाणित | १,००० |
| २३ | विवाह प्रमाणित वा अविवाहित प्रमाणित | ५०० |
| २४ | व्यक्तिगत विवरण प्रमाणित | ५०० |

| | | |
|---|---|---|
| २५ | हकवाला वा हकदार प्रमाणित | ५०० |
| २६ | संरक्षक प्रमाणित गर्ने: संस्थागत संरक्षक सिफारिस | ५०० |
| २७ | संरक्षक प्रमाणित गर्ने: व्यक्तिगत संरक्षक सिफारिस | ३०० |
| २८ | कागज र मंजुरीनामा प्रमाणित | ५०० |
| २९ | जग्गा मूल्यांकन सिफारिस प्रमाणित | ५०० |
| ३० | बहाल करको लेखाजोखा सिफारिस | ५०० |
| ३१ | मोहि लगत कट्टा को सिफारिस | ५०० |
| ३२ | व्यापार व्यवसाय वन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने | १,००० |
| ३३ | मिलापत्र कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | १,००० |
| ३४ | पुर्जामा घर कायम गर्ने सिफारिस | ५०० |
| ३५ | जग्गा धनीपूर्जा हराएको सिफारिस | १,००० |
| ३६ | कित्ताकाट गर्न सिफारिस | २०० |
| ३७ | **सम्पत्ति मुल्यांकन** | |
| | १ लाखदेखि १५ लाखसम्म | ६,००० |
| | १५लाखदेखि ३० लाखसम्म | ८,००० |
| | ३० लाखदेखि माथि भएमा प्रति लाख ५०० का दरले थप गर्दै जाने | |
| ३८ | धितो मुल्यांकन (प्रति हजारमा) | ३ |
| ३९ | उद्योग ठाउँसारी गर्न सिफारिस | १,००० |
| ४० | विद्यालय खोल्न सिफारिस (सामुदायिक) | १,००० |
| ४१ | विद्यालय कक्षा थप गर्न सिफारिस (सामुदायिक) | १,००० |
| ४२ | विद्यालय ठाउँसारी गर्न सिफारिस (सामुदायिक) | ५०० |
| ४३ | घर कोठा खोल्न रोहवरमा वस्ने निवेदनको सिफारिस | ५०० |
| ४४ | विद्युत सिफारिस (थ्रिफेज) | २,५०० |
| ४५ | स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस | ५०० |
| ४६ | सम्बन्धविच्छेद को सिफारिस | १,००० |
| ४७ | फुकुवा सिफारिस (घरजग्गा फुकुवा) | ५०० |
| ४८ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | १,००० |
| ४९ | नक्कल प्रमाणित दस्तुर | १०० |
| ५० | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | ५०० |
| ५१ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | ५०० |
| ५२ | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | २,५०० |
| ५३ | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | ५०० |
| ५४ | नीजि क्षेत्रका रुख कटान सिफारिस (प्रति रुख): विक्रि प्रयोजनको लागि | २०० |

| | | |
|---|---|---|
| ५५ | कर किलियर सिफारिस (स्वदेश) | १,५०० |
| ५६ | कर किलियर सिफारिस (विदेश) | ५,००० |
| ५७ | **उद्योग सिफारिस** | |
| | (क) साना | ५०० |
| | (ख) मझौला | ३००० |
| | (ग) ठूला | ५००० |
| ५८ | **निजी विद्यालय संचालन अनुमतिको सिफारिस** | |
| | (क) पुर्व प्रा.वि. (प्ले ग्रुप देखि युकेजी सम्म) | ७,००० |
| | (ख) आधाभूत विद्यालय | १०,००० |
| | (ग) मा.वि. | २०,००० |
| | (घ) स्नातक तह | २५,००० |
| ५९ | **निजी विद्यालय कक्षा थप अनुमतिको सिफारिस** | |
| | (क) पुर्व प्रा.वि. (प्ले ग्रुप देखि युकेजी सम्म) | २००० |
| | (ख) आधाभूत विद्यालय | ५००० |
| | (ग) मा.वि. | १२,००० |
| | (घ) स्नातक तह | १५,००० |
| ६० | अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस | १,००० |
| ६१ | घरबाटोले नछोएको सिफारिस | १०० |
| ६२ | ग्रामीण क्षेत्रका घरबाटो सिफारिस | २०० |
| ६३ | बजार क्षेत्रका घरबाटो सिफारिस (मुल सडकले छोएको) | ५०० |
| | नोट : मुल सडक अन्तर्गत पर्ने सडकहरु<br>- सन्धिखर्क नुवाकोट खिल्जी जोगीटारी सडक - नुवाकोट धारापानी ढाकावाङ्ग राजमे सडक -<br>नरपानी ढिकुरा नुवाकोट सडक - गच्छे भालुवाङ्ग सडक | |
| ६४ | संस्था दर्ता सिफारिस | १,००० |
| ६५ | भवन निर्माण नक्शा प्रमाणित प्रतिलिपी | १,००० |
| ६६ | व्यवसाय दर्ता सिफारिश | १,००० |
| ६७ | **वित्तिय संस्था तर्फ सिफारिस दस्तुर** | |
| | बैंकिङ सेवा (नेपाल सरकारको पुर्ण स्वामित्व बाहेक) | ५,००० |
| | वित्तिय कम्पनी शाखा कार्यालय | १,२०० |
| | विमा संस्था | ३,००० |
| | सहकारी बैंक | १,५०० |

| | | |
|---|---|---|
| | फाईनान्स, बैंक तथा सटहि काउण्टर आदि खोल्न सिफारिस | २,५०० |
| | सहकारी संस्था दर्ता सिफारिस | १,००० |
| | अन्य (माथि उल्लेखित बाहेक) | १,००० |
| ६८ | **संघ संस्था तर्फ सिफारिस दस्तुर** | |
| | कुनै पनि संघ संस्था खोल्ने इजाजत सिफारिस | १,००० |
| | क्लब खोल्ने इजाजत सिफारिस | ५०० |
| ६९ | प्रत्येक व्यवसायको रजिष्ट्रेशन दस्तुर | १,००० |
| ७० | प्रत्येक व्यवसायको नविकरण दस्तुर प्रति बर्ष | २०० |
| ७१ | **नक्सा पास दस्तुर (नक्सा पास शुल्क प्रति वर्ग फिटका दरले)** | |
| | *क) आर.सि.सि. भवन* | |
| | १००० वर्ग फिटसम्म | ३ |
| | १००० वर्ग स्क्वायर फिट भन्दा धेरै (प्रति वर्ग फिट थपमा) | ५ |
| | *ख) कच्ची घर* | |
| | १००० वर्ग फिटसम्म | १ |
| | १००० वर्ग स्क्वायर फिट भन्दा धेरै (प्रति वर्ग फिट थपमा) | २ |
| | *ग) आर.सि.सि. बाहेकका भवन* | |
| | ईटा, ढुङ्गा, ब्लक, सिमेन्टको गाह्रो, टिन, टायल छाना (प्रति वर्ग फिट) | १ |
| | ईटा, ढुङ्गाको गाह्रो माटोको जोडाई टिन (प्रति वर्ग फिट) | १ |
| | ट्रसमा टिनको छाना (प्रति वर्ग फिट) | १ |
| | अस्थायी कच्ची घर टालीले बारेको | ०.५० |
| | *घ) दस्तुरहरु* | |
| | निर्माण सम्पन्न प्रमाण पत्र दस्तुर | ५०० |
| | प्राविधिक प्रतिवेदन दस्तुर | ७०० |
| | थप निर्माण दस्तुर (प्रति वर्ग फुट) | ३ |
| ७२ | **निवेदन फाराम दस्तुर** | |
| | साधारण | १० |
| | नेपाली कागजमा | २० |
| | नक्सा पासको निवेदन फाराम दस्तुर (किताव) | ५०० |
| ७३ | नक्कल उतार प्रमाणित (प्रति पाना) | ५ |
| ७४ | पेट्रोल पम्प दर्ता शुल्क | ५,००० |
| ७५ | **सवारी साधन प्रवेश शुल्क (पटके)** | |
| | हेभि इक्यिुपमेन्ट | १,००० |
| | भाडामा संचालन हुने वस | १०० |

शुभम थापा
प्रमुख

| | | |
|---|---|---|
| | भाडामा संचालन हुने ट्रक र टिृपर | १०० |
| | भाडामा संचालन हुने ट्याक्टर | ५० |
| | भाडामा संचालन हुने मिनी बस | ५० |
| | भाडामा संचालन हुने कार, जिप, भ्यान र ट्याक्सी | ४० |
| | निजी कार | २० |
| | अन्य (माथि उल्लेखित सवारी साधन तथा मोटरसाइकल लगायत दुई पाङ्ग्रे सवारी साधन बाहेक) | २० |
| | नोट : सवारी साधन प्रवेश शुल्क उठाउने स्थानहरु - लात्तेवाज, ढिकुरा गैरावोट, धारापानी औवल, धनचौर जुकेना सिमाना (टोड्के), ढाकावाङ्ग राजमे र असुरकोट जोगीटारी | |
| | नगरक्षेत्र भित्रका खोला नदीनालाबाट उत्पादित ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदिजन्य उत्पादन तथा प्राकृतिक स्रोत साधनमा नियमानुसार निकासा दस्तुर लाग्ने छ । | |
| ७६ | **नगरक्षेत्र भएर बाहिर निकासा हुने पशुपन्छिमा लाग्ने निकासा दस्तुर** | |
| | भैसी र रागा (प्रति गोटा) | ५०० |
| | भेडा, बाखा, च्याङ्ग्रा, सुगुर र बङ्गुर (प्रति गोटा) | ५० |
| | पन्छि (प्रति गोटा) | ५ |
| ७७ | **नगरक्षेत्र भएर बाहिर निकासा हुने काठमा लाग्ने निकासा दस्तुर** | |
| | काठ व्यवसाय (साल काठ प्रति क्यु.फिट) | १० |
| | काठ व्यवसाय (खयर काठ प्रति क्यु.फिट) | ५ |
| | काठ व्यवसाय (अन्य काठ प्रति क्यु.फिट) | २ |
| | सल्लाको खोटो निकासी प्रति टिन | १० |
| ७८ | भारत जानको लागि सिफारिस | ५०० |
| ७९ | माथि उल्लेखित बाहेकका सवै किसिमका सिफारिसहरुमा सिफारिस दस्तुर | ५०० |
| नोट : उपभोक्ता समिति र सरकारी कार्यालयहरुमा निजी प्रयोजनका लागि गरिने सिफारिस दस्तुर रु.२००। र संस्थागत प्रयोजनका लागि गरिने सिफारिस निशुल्क गरिनेछ | | |

अनुमानित वार्षिक आय रु.२३,००,०००.००

रेशम थापा
प्रमुख

अनुसुचि १३

(दफा १४ संग सम्बन्धित)

पर्यटन शुल्क

प्रचलित कानुनको अधिनमा रही यस प्रकारको शुल्क उठाउनका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर कार्यपालिकालाई अधिकार प्रदान गरिएको छ ।

रेशम थापा
प्रमुख